# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) बुटवल, रूपन्देही, भाद्र ३१ गते, २०७६ साल (अतिरिक्ताङ्क ४१

## भाग ३

### प्रदेश सरकार

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको सूचना

प्रदेश योजना आयोग (गठन तथा कार्य संचालन) आदेश, २०७४ दोस्रो संशोधन आदेश

**<u>प्रस्तावनाः-</u>** प्रदेश योजना आयोग (गठन तथा कार्य संचालन) आदेश, २०७४ मा सामायिक सुधार गर्न आवश्यक भएकोले,

प्रदेश नं. ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः-</u>** (१) यो आदेशको नाम प्रदेश योजना आयोग (गठन तथा कार्य संचालन) (दोस्रो संशोधन) आदेश, २०७६ रहेको छ।

(२) यो आदेश २०७६ साल श्रवण १ गते देखी प्रारम्भ हुनेछ।

२. **<u>प्रदेश योजना आयोग (गठन तथा कार्य संचालन) आदेश, २०७६ को दफा १८ मा संशोधनः-</u>** प्रदेश योजना आयोग (गठन तथा कार्य संचालन) आदेश, २०७६ (यसपछि मूल आदेश भनिएको) को दफा १८ को उपदफा (१) मा रहेको "आयोगको सचिवालयको काम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्नेछ" भन्ने शब्दहरुको सट्टा "आयोगको एक छुट्टै सचिवालय रहनेछ र सो सचिवालयमा रहने कर्मचारी दरवन्दी प्रदेश सरकारबाट स्वीकृत भए बमोजिम हुनेछ" भन्ने शब्दहरु राख्ने ।

३. **<u>मूल आदेशको दफा १९ मा संशोधनः-</u>** मूल आदेशको दफा १९ को, (१) उपदफा (१) मा रहेका "आयोगको कार्यालय प्रयोजनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यकता अनुसार जनशक्तिको व्यवस्था गर्नेछ" भन्ने शब्दहरुको सट्टा "दफा १८ को उपदफा (१) बमोजिम स्वीकृत दरबन्दीमा प्रदेश सरकारले जनशक्तिको व्यवस्था गर्नेछ" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (२) मा रहेको "आयोगको लागि आवश्यक बजेट मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत उपलब्ध गराइनेछ" भन्ने शब्दहरुको सट्टा "आयोगका लागि आवश्यक बजेट प्रदेश सरकारले उपलब्ध गराउनेछ" भन्ने शब्दहरु राखे ।

**आज्ञाले,**
**राजेन्द्र थापा**
**कानून सचिव**



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय